(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## भाग-२

खण्डः-७ सङ्ख्याः-०७ मितिः-२०८०।०३।०८

## उदयपुरगढी गाउँपालिका मातहतका स्वास्थ्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता तथा थप सुविधा सम्बन्धी कार्यविधि, २०८०

उदयपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

# उदयपुरगढी गाउँपालिका मातहतका स्वास्थ्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता तथा थप सुविधा सम्बन्धी कार्यविधि, २०८०

## प्रस्तावना:

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकार सबै नागरिकको पहुच, तथा उपभोगको अवसर प्रदान गर्न जारी भएको जनस्वास्थ्य सेवा ऐन, २०७५ र नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म अनुरुप स्वास्थ्य कर्मचारीहरुलाई स्थानीय सरकारप्रति प्रतिवद्ध गराई कर्मचारीहरुको मनोबल बढाउन तथा सेवा प्रवाह गर्न प्रोत्साहन भत्ता तथा थप सुविधा प्रदान गर्न आवश्यक देखिएकोले गाउँपालिका गाउँकार्यपालिकाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४, बमोजिम यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम '' उदयपुरगढी गाउँपालिका मातहतका स्वास्थ्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता तथा थप सुविधा सम्बन्धि **कार्यविधि, २०८०** '' रहनेछ ।

(२) यो कार्यविधि उदयपुरगढी गाउँपालिका गाउँकार्यपालिका बैठकले पारित गरेपछि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) ''**कार्यविधि**'' भन्नाले उदयपुरगढी गाउँपालिका मातहतका स्वास्थ्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता तथा थप सुविधा सम्बन्धि **कार्यविधि, २०८०** ''सम्झनु पर्दछ ।

(ख) ''**कर्मचारी**'' भन्नाले उदयपुरगढी गाउँपालिका वा अन्तर्गत कार्यरत स्वास्थ्य सेवाका स्थायी तथा करारमा नियुक्ति गरी स्वास्थ्य संस्थामा कामकाज गर्न खटाईएका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(ग) ''**प्रोत्साहन भत्ता तथा थप सुविधा**'' भन्नाले तोकिएको स्वास्थ्य कर्मचारीलाई तोकिएको काम गरे वापत प्रोत्साहन तथा थप सुविधा स्वरुप दिने सुविधा सम्झनु पर्दछ ।

(घ) ''**स्वास्थ्य संस्था**'' भन्नाले उदयपुरगढी गाउँपालिका वा अन्तर्गतका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाई सम्झनु पर्दछ ।

# परिच्छेद - २

## कार्यान्वयन विधि

३. यस कार्यविधि बमोजिम उपलब्ध गराउने प्रोत्साहन भत्ता तथा थप सुविधा गाउँसभाबाट स्वीकृत प्रोत्साहन भत्ता तथा थप सुविधा शीर्षकमा विनियोजन गरिएको बजेट तथा कार्यक्रमबाट प्रदान गरिनेछ ।

४. नर्सिङ स्टाफहरुले (ANC Visit 4th, 6th, 8th & 9th month) चार पटक र बर्थिङ सेन्टरमा सुत्केरी गराएको अभिलेख तथा प्रतिवेदनको आधारमा प्रोत्साहन भत्ता तथा थप सुविधा उपलब्ध गराईनेछ ।

५. गाउँपालिका अन्तर्गत संचालनमा रहेको खोपकेन्द्र तथा गाउघर क्लिनिक मार्फत खोप सेवा तथा गाउँघर क्लिनिकबाट प्रदान गरिने सेवा संचालन गर्ने स्वास्थ्यकर्मीहरुलाई अभिलेख तथा प्रतिवेदनको आधारमा प्रोत्साहन भत्ता तथा थप सुविधा उपलब्ध गराईनेछ ।

६. कर्मचारीहरुलाई सेवा प्रदान गरे वापत प्रोत्साहन भत्ता तथा थप सुविधा मासिक, चौमासिक तथा वार्षिक रुपमा अभिलेख तथा प्रतिवेदनको आधारमा भुक्तानीको लागी सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको सिफारिशमा भुक्तानी गरिनेछ ।

# परिच्छेद- ३

## अभिलेख तथा प्रतिवेदन व्यवस्थापन

७. स्वास्थ्यकर्मीहरुको कामको अभिलेख देहाय बमोजिम राख्नुपर्नेछः-

(क) स्वास्थ्य संस्था प्रमुखले कर्मचारीहरुको कामको अभिलेख तथा प्रतिवेदन राख्न पहरा तालिका तथा कार्यक्रमको कार्ययोजना तयार गरी लागू गर्नुपर्नेछ ।

८. खोपकेन्द्र, गाउँघर क्लिनिक र बर्थिङ सेन्टरमा सेवा प्रवाह गर्ने स्वास्थ्यकर्मीहरुलाई नियमित वा Rotatiobase मा पालो तोक्नु पर्नेछ र कर्मचारीहरुले कार्यालय समय पछि वा आवश्यक कामको लागी स्वास्थ्य संस्था बाहिर जानुपर्ने अवस्थामा स्वास्थ्य संस्था प्रमुखलाई जानकारी गराई मात्र बाहिर जानु पर्नेछ ।

९. स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा अवरुद्ध नहुने गरी कर्मचारीले कानून बमोजिम पाउने विदाको उपभोग गर्न सकिनेछ । साथै प्रचलित नियमानुसार पाउने सट्टा विदा लिन यस कार्यविधिले बाधा पु-याएको मानिने छैन ।

१०. कर्मचारीले सेवा प्रवाह नगरेको खण्डमा प्रोत्साहन भत्ता तथा थप सुविधा पाउने छैन ।

११. झुठा वा नक्कली विवरण पेश गरी प्रोत्साहन भत्ता तथा थप सुविधा लिएको पाइएमा सम्बन्धित कर्मचारी वा सिफारिश गरिएको कर्मचारीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

## परिच्छेद - ४

### विविध

१२. अन्य छुट विषय सम्बन्धि: यस कार्यविधिमा उल्लेख नभएका वा समावेंश नभएका विषयमा उदयपुरगढी गाउँपालिका गाउँकार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ ।

१३. स्वास्थ्य कार्यक्रमको Performance तथा कार्य प्रगतिको आधारमा आगामी नीति तथा बजेट कार्यक्रम तयार गरिनेछ ।

१४. संशोधन तथा खारेजी: उदयपुरगढी गाउँपालिका गाउँकार्यपालिकाले यस कार्यविधिमा आवश्यक विषय वस्तु थप घट गर्नु परेमा संशोधन तथा खारेजी गर्नेछ ।

# अनुसूची -१

## दफा २ र ३ सँग सम्बन्धित

### स्वास्थ्यकर्मीहरुले पाउने प्रो्त्सोहन भत्ता तथा थप सुविधा

| सि.नं. | क्रियाकलाप | वर्ष/महिना/पटक | दर | कैफियत् |
|---|---|---|---|---|
| १ | नर्सिङ स्टाफहरुले (ANC Visit 4th, 6th, 8th & 9th month ) चार पटक र बर्थिङ सेन्टरमा सुत्केरी गराए वापत प्रति सुत्केरी रु.५०० प्रोत्साहन भत्ता | प्रति सुत्केरी | ५०० | वर्ष भरी |
| २ | नियमित खोप क्लिनिक सेवा संचालन गर्ने स्वास्थ्यकर्मीहरुलाई प्रति व्यक्ति प्रति क्लिनिक रु.४०० खोप कभरेज ९० प्रतिशत भन्दा माथि सुनिश्चित गरे वापत यातायात खर्च तथा प्रोत्साहन भत्ता | प्रति महिना | ४०० | वर्ष भरी |
| ३ | गाउघर क्लिनिक सेवा संचालन गर्ने स्वास्थ्यकर्मीहरुलाई प्रति व्यक्ति प्रति क्लिनिक रु.२०० प्रोत्साहन स्वरुप खाजा खर्च | प्रति महिना | २०० | वर्ष भरी |

**राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०८० साल आषाढ महिना ०८ गते ६ रोज शुभम् ।**

**आज्ञाले**

रमेश राई

प्रमुख प्रशासकीय अधिकृत